बैठक संख्या : ६८ मिति: २०८३।०५।१६ समय बिहान ८:०० बजे

आज मिति २०८३ भाद्र १६ गतेका दिन गुराँस गाउँपालिका दैलेखको ६८औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री टोप बहादुर बि.सी.ज्यू को अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावउपर छलफल भई निर्णय गरियो।

तपसिल

श्री टोप बहादुर बि.सी. - गाउँपालिका अध्यक्ष
श्री शिवा कुमारी खड्का - गाउँपालिका उपाध्यक्ष
श्री धर्म बहादुर रावल - वडा अध्यक्ष वडा नं.१
श्री शेर बहादुर रावल - वडा अध्यक्ष वडा नं.२
श्री काँशीराम शर्मा - वडा अध्यक्ष वडा नं.३
श्री खड्क बहादुर शाही - वडा अध्यक्ष वडा नं.४
श्री भुपेन्द्र बहादुर चन्द - वडा अध्यक्ष वडा नं.५
श्री चन्द्र बहादुर राना - वडा अध्यक्ष वडा नं.६
श्री नन्द बहादुर बि.सी. - वडा अध्यक्ष वडा ७
श्री दिपेन्द्र वली - वडा अध्यक्ष वडा नं.८
श्री अमृता कुमारी बि.सी. - कार्यपालिका सदस्य
श्री निर्मा वि.क. - कार्यपालिका सदस्य
श्री पम्फी वि.क. - कार्यपालिका सदस्य
श्री भुमिसरा वली - कार्यपालिका सदस्य
श्री कुलपिर वि.क. - कार्यपालिका सदस्य
श्री सम्झना कुमारी कुंवर - कार्यपालिका सदस्य
श्री ओम प्रकाश देवकोटा - प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

अन्य सहयोगी कर्मचारी

श्री हकपाल शाही
श्री लोकराज उपाध्याय
श्री विपेन्द्र के.सी
श्री सुर्य ब. वली

कार्यपालिका बैठक संख्या नं. ६८ | स्थानः गाउँपालिका भवन | मितिः २०८३/०५/१७

समयः दिउँसो ११:०० बजे

प्रस्तावहरुः

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. कानून निर्माण सम्बन्धमा।
३. LGPAS को प्रारम्भिक नतिजा सम्बन्धमा।
४. बालमैत्री स्थानीय शासन घोषणाका लागि आवश्यक दस्तावेज स्वीकृत सम्बन्धमा।
५. विविध।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर खित्री
अध्यक्ष

**निर्णय नं. १**
गुराँस गाउँ कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं. २**
तपसीलमा उल्लेखित कानून अर्को कार्यपालिका बैठकमा राय सल्लाह सहित पेश गर्ने गरी विधेयक समितिमा पठाउने निर्णय गरियो।

१. सहकारी कर्जा सूचना केन्द्र स्थापना तथा परिचालन सम्बन्धी निर्देशिका, २०८३
२. गाउँ कार्यपालिकाको कार्यालय परिसर सुरक्षा निर्देशिका, २०८३
३. आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३
४. अनुगमन तथा सुपरीवेक्षण कार्यसञ्चालन कार्यविधि, २०८३
५. उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८३
६. गुराँस गाउँपालिका बालश्रममुक्त घोषणा कार्यविधि, २०८३
७. बाल विवाह अन्त्य सम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३
८. "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०८३
९. विद्यालय, स्वास्थ्य संस्था तथा वडा कार्यालय रंगरोगन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३
१०. स्थानीय सामग्रीबाट चौतारा निर्माण तथा मर्मत सम्भार सम्बन्धी कार्यविधि, २०८३
११. लक्ष्मी माध्यमिक विद्यालय (रतिखोला) स्कूल बस खरिद, सञ्चालन तथा हस्तान्तरण सम्बन्धी कार्यविधि, २०८३

**निर्णय नं. ३**
स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ को दफा ६ (ग) बमोजिम प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश हुन आएको यस गाउँपालिकाको (Local Governance Performance Assessment System- LGPAS) प्रारम्भिक नतिजा ९१.६ प्रतिशत सहित कार्यपालिका बैठकमा पेश हुन आएको सोही कार्यविधिको दफा ६ (ङ) बमोजिम ७ दिन भित्र प्रतिवेदन पेश गर्ने गरी आवश्यक राय सुझावका लागि सुशासन तथा संस्थागत विकास समितिमा पठाउने निर्णय गरियो।

**निर्णय नं. ४**
यस गाउँपालिकाको **बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८** बमोजिम यस गुराँस गाउँपालिकामा बालमैत्री स्थानीय शासन वडाहरु र पालिका घोषणा गर्नको लागि **सोसेक नेपालसँग साझेदारी** भई यस आर्थिक वर्ष २०८३/०८४ मा सो विषय नीति तथा कार्यक्रममा समावेश गरी बजेट विनियोजन गरिएको र गाउँ सभाको १८ औं अधिवेशनमा निर्णय समेत भएकोले गुराँस गाउँपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्ने प्रक्रियालाई अगाडि बढाउनको लागि तपसिलका विषयहरुमा गाउँपालिकाले प्राथमिकता दिने निर्णय गरियो।

**तपसिल:**

१. बालमैत्री स्थानीय शासनका सूचकहरुको स्थानीयकरण गर्ने।
२. कार्यपालिका र बालमैत्री स्थानीय शासन गाउँ स्तरीय समितिबाट लिखित प्रतिबद्धता गर्ने।



टोप बहादुर वि.सी.
अध्यक्ष

मिति: २०८३ भाद्र १७
ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

३. बालमैत्री स्थानीय शासनको अवधारणा र विद्यमान अवस्था सम्बन्धी कार्यान्वयन निर्देशिकाको सूचकमा आधारित भई गाउँपालिकामा बालबालिकाको अवस्था सम्बन्धी वस्तुगत विवरण(प्रोफाइल) तयार गर्ने र प्रकाशन गर्ने।

४. बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न आवश्यक स्थानीय नीति/रणनीति/कार्यविधि/निर्देशिका र अनुसूचीमा रहेको ढाँचामा आचारसंहिता तर्जुमा गर्ने।

५. गाउँपालिका र वडामा बालमैत्री स्थानीय शासनको लागि संस्थागत प्रबन्ध (सम्पर्क शाखा, सम्पर्क व्यक्ति तोक्ने र जिम्मेवारी दिने) गर्ने।

६. बालमैत्री स्थानीय शासन अवलम्वन गर्न बाँकी १, २, ४ र ७ नम्बर वडाहरु छनोट गर्ने।

७. बालमैत्री स्थानीय शासन कार्यान्वयनको लागि लगानी योजना तयार गर्ने।

८. बालकोष सञ्चालन कार्यविधि स्वीकृती, बालकोष स्थापना र सञ्चालन गर्ने।

९. बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने वडामा आवश्यकता अनुसार बाल क्लव, बाल सञ्जाल, टोल विकास संस्था/समुदायमा आधारित संस्थाहरुको गठन र परिचालन गर्ने।

१०.बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायबाट बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि स्रोत सहितको प्रतिवद्धता प्राप्त गर्ने।

नोटः माथि निर्णयसंग सम्बन्धित विषयलाई अनुसूचीमा राखिएको छ।

**निर्णय नं. ५**

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो।

(क) यस गाउँपालिका वार्ड नं ४ र ५ को सुर्खेत-दैलेख सडक आसपास क्षेत्रमा मिनि औद्योगिक ग्राम स्थापनाका लागि आवश्यक १५ रोपनी जमिन गाउँपालिकालाई निः शुल्क उपलब्ध गराउन सार्वजनिक सूचना आव्हान गर्ने।

अनुसुची : ९

(दफा २० (क) सँग सम्बन्धित)

गुराँस गाउँपालिका

गाउँकार्यपालिकाको कार्यलय

रानीमता, दैलेख

**बालमैत्री स्थानीय शासन अवलम्वन तथा घोषणाका लागि गुराँस गाउँपालिकाको प्रतिबद्धता**

हामी गुराँस गाउँपालिकाका जनप्रतिनिधिहरु, राजनितिदलहरु ,बालबालिका प्रतिनिधिहरु, स्थानीय तहका विषयगत शाखा, सेवाप्रदायक ,सामाजिक संघ/सस्था, विदाय व्यवस्थापन समिति, स्वास्थ्य संस्था लगायत विभिन्न सरोकारवालाहरुले स्थानीय सरकार संचालन ऐन, २०७४ बालमैत्री स्थानीय कार्यान्वियन निर्देशिका, २०७८ बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ बमोजिम यस वडा/गाउँपालिकामा बालमैत्री स्थानीय शासन अवलम्वन तथा घोषणाको प्रक्रियामा आ आफनो क्षेत्रबाट सक्रिय एवम् अर्थपूर्ण सहभागिता जनाई यस गाउँपालिकालाई मिति २०८३ साल मंसिर महिना भित्र बालमैत्री स्थानीय शासन घोषणाको लागी पूर्ण रुपमा सहयोग गर्ने र गराउने गरी यो सामुहिक प्रतिबद्धता जाहेर गर्दछौ ।

**हस्ताक्षर** **पदाधिकारी**

१. टोप बहादुर वि सी, गाउँपालिका अध्यक्ष

२. शिवा कुमारी खड्का, गाउँपालिका उपाध्यक्ष

३. ओम प्रकाश देवकोटा, प्रमुख प्रशासकीय अधिकृत

४. भुपेन्द्र भण्डारी, शिक्षा, युवा तथा खेलकुद प्रमुख

५. मदन प्रकाश मल्ल, योजना शाखा प्रमुख

६. नारायण वि सी, स्वास्थ्य शाखा प्रमुख

७. नमीता शर्मा, प्रशासकीय अधिकृत

८. खेमराज उपाध्याय, विपद् व्यवस्थापन शाखा

९. उमा खड्का, महिला, बालबालिका तथा सामाजिक समावेशीकरण शाखा प्रमुख

१०. कस्तुरा वि सी, स्थानीय बाल कल्याण अधिकारी

११. सम्झना चलाउने, बालिका

१२. गणेश विश्वकर्मा, बाल क्लव अध्यक्ष

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिका बैठक ६८

टोप बहादुर वि.सी.
अध्यक्ष

मितिः २०८३ भाद्र १७

अनुसुची १०

दफा २० क सँग सम्बन्धित

बालमैत्री आचारसंहिता २०८३

## बालबालिकाको लागि आचार संहिता

१. नियमित र तोकिएको पोशाकमा विद्यलय जानेछौ ।

२. विद्यलय हाताभित्र विद्यलयको नियम पालना गर्दै अनुशासित बन्ने छौ ।

३. स्थानीय स्तरमा रहेको बाल क्लवहरुमा सक्रिय सहभागिता जनाउदै कसैलाई पनि भेदभाव गर्ने छैनौ ।

४. विद्यलय र समुदाय स्तरमा संचालित विभिन्न अतिरिक्त क्रियाकलापहरुमा सहभागिता जनाई निर्धक रुपमा आफ्नो हक अधिकारको बारेमा कुरा राख्ने र कर्तव्यको बारेमा सचेत हुने छौ ।

५. बालविवाहको लागि कुनै पनि अवस्थामा मञ्जुरी हुने छैनौ र अन्यत्र हुन लागेमा पनि निरुत्साहित गर्नेछौ ।

६. हाम्रो आधारभुत आवश्यकताहरु खाना आवास स्वास्थ्य शिक्षा अवसर माया संरक्षण लगायतका बालअधिकारका बारेमा जानकारी राख्दै अरुलाई पनि सिकाउनेछौ ।

७. विपन्न र अपाङ्गता भएका साथिहरुलाई सहयोग गर्नेछौ ।

८. आफुले नबुझेको र नजानेको कुरा शिक्षक तथा अभिभावकलाई सोध्नेछौ र आफुसँग सम्बन्धित पारिवारीक छलफल तथा निर्णयहरुमा सहभागी हुनेछौ ।

९. टोल बस्तीमा हुन लागेका तथा भईरहेका बालविवाह बाल यौन दुर्व्यवहार तथा बालश्रम जस्ता कुराहरुको जानकारी सम्बन्धित [illegible]ाय तथा अभिभावकलाई जानकारी दिनेछौ ।

१०.समय तालिका अनुसार पढ्ने लेख्ने खेल्ने सुत्ने र संचार माध्यमको प्रयोग गर्नेछौ ।

११.सुर्तिजन्य एवं मादक पदार्थको प्रयोग तथा खरिद बिक्रि मा संलग्न हुने छैनौ ।

१२.बाल अधिकार हनन् भएको अवस्था देखेमा सम्बन्धित निकायमा खबर पुर्याउनेछौ ।

१३.अपरिचित व्यक्तिको ललाई फकाई तथा प्रलोभनमा फस्ने छैनौ र यस्तो भएमा अभिभावकहरुलाई खबर गर्ने छौ ।

१४. आफु आबद्ध रहेको वा आफुलाई बोलाइएको सामाजिक संस्थाको बैठकमा नियमित र सक्रिय सहभागिता जनाउनेछौ र बालक्लव मार्फत बाल सहभागिता अभिवृदिमा पहल गर्नेछौ ।

१५. हात धुने अवसर बुझ्ने र कार्यन्वयन गर्नेछौ ।

१६. शौचालयको नियमित प्रयोग गर्नेछौ ।

१७. पोषिलो खानेकुरा खानेछौ भाईबहिनीहरु र साथीहरुलाई पनि खानको लागि प्रे[illegible]त गर्नुका साथै ६ महिनासम्मका बालबालिकालाई आमाको दुधमात्र खुवाउनको लागि अभिभावकलाई सचेत गर[illegible]उनेछौ ।

१८. आवश्यक परेको खण्डमा घर पिरवारको अनुमति लिएर मात्र बाहिर निस्कनेछौ ।

कार्यपालिका बैठक ६८

टोप बहादुर बि.सी.
अध्यक्ष

ओज प्रकाश [illegible]
प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८३ भाद्र १७

१९. विद्यलय भर्ना अभियान खोप अभियान सरसफाई अभियान लगाएतका राष्टिय तथा स्थानीय अभियानहरुमा बाल क्लव मार्फत सक्दो जनचेतना फैलाउने कार्यमा सहयोग गर्नेछौ।

२०. साना भाईबहिनीहरुलाई बाल विकास केन्दमा भर्ना गर्न अभिभावकहरुलाई प्रेरित गर्नेछौ ।

२१. बालमैत्री स्थानीय शासनको दिगोपनाका लागि बाल क्लवका सदस्यहरु परीचालन हुनेछौ ।

टोप बहादुर विसी.
अध्यक्ष

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

अनुसुची १०

दफा २० क सँग सम्बन्धित

**अभिभावकका लागि आचारसंहिता**

१. विद्यालय उमेरका हाम्रा छोरा छोरीलाई नियमित रुपमा विद्यालय पठाउने छौ।

२. विद्यालयमा समय समयमा अनुगमन गरी पूर्ण शैक्षिक वातावरण सिर्जना गर्न आवश्यक सहयोग गर्नेछौ।

३. बालबालिकालाई अनुशासित र योग्य बनाउन बाल क्लव तथा बालबालिकालाई प्रेरित गर्नेछौ।

४. समुदाय र विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा सहभागि हुन बालबालिकालाई प्रेरित गर्नेछौ।

५. बालविवाह बाल यौन दुव्यवहार बालश्रम जस्ता कुराहरु निरुत्साहित गदै बालबालिकालाई सचेत गर्नेछौ।

६. विपन्न र अपाङ्गगता भएका बालबालिकाको आवश्यकता अनुसारको वातावरण सिर्जना गर्नेछौ।

७. आफ्नो घरमा कुनै पनि बालबालिकाको बालविवाह गरिदिने छैनौं।

८. पढ्ने लेख्ने खाने सुत्ने खेल्ने र सञ्चार माध्मको प्रयोग गर्न समय तालिका बनाईदिने छौ।र नियमित स्वास्थ्य पिरक्षण गर्नुका साथै खोप लगाउने व्यवस्था मिलाउनेछौ।

९. मादक पदार्थ तथा सुर्तीजन्य पदार्थको खरिद बिक्री एंव प्रयोगमा बालबालिकालाई संलग्न गराउने छैनौ र बालबालिकाको अगाडी पनि प्रयोग गर्ने छैनौ।

१०.कुलत तथा दुर्व्यसनीमा फस्न नदिनुका साथै घरपिरवार तथा समुदायमा त्यस्तो अवस्थालाई निरुत्साहित गर्नेछौ।

११.अपरिचित व्यक्तीको ललाई फकाई तथा प्रलोभनमा नफस्न बालबालिकालाई सचेत गराउनेछौ।

१२.बाल क्लव तथा बालबालिकालाई आवद्ध भएको सामाजिक संघसंस्थाको कार्यक्रम तथा बैठकमा सहभागिताको लागि प्रेरित गर्नेछौ।

१३.सहज तथा बालमैत्री धारा शौचालय तथा आवासको व्यवस्था गिरदिनेछौ।

१४ नियमित सरसफाई जस्तै नङ काट्ने कपाल कोर्ने ब्रस गर्ने साबुन पानीले हात धुने नुहाउने आदि कुराको ख्याल गर्नेछौ।

१५. समयमा खाजा र सन्तुलित भेजनको व्यवस्था मिलाउने तथा पोषणयुक्त खानेकुरा खाने व्यवस्था गर्नेछौ।

१६. आवश्यक परेको बेला बालबालिकाको उपस्थितिको आवश्यकतालाई मध्यनजर गदै सम्बन्धित क्षेत्रमा सहभागि गराउनेछौ।

१७. बालबालिकालाई समयमा विद्यालय भर्ना गर्ने खोप लगाउने कार्य गर्नुका साथै सरसफाईमा विषेश ध्यान दिनेछौ।

१८. समयमा आफ्नो बालबालिकाको जन्मदर्ता गरिदिनेछौं।

१९. साना बालबालिकालाई बालविकास केन्दमा भर्ना गर्नेछौ।

२०. बालमैत्री स्थानीय शासनको प्रवर्द्धन तथा कार्यान्वयनमा पूर्ण प्रतिवद्धताका साथ लाग्नेछौं।

टोप बहादुर बिष्ट
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिका बैठक ६८

मितिः २०८३ भाद्र १७

अनुसुची १०

दफा २० क सँग सम्बन्धित

**गाउँपालिका/विद्यालय/संघ संस्थाको लागि आचारसंहिता**

१. प्रत्येक विद्यालयका सेवा क्षेत्र भित्र रहेका विद्यालय उमेर समुहका बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालयको पहुँचमा ल्याउनेछौ ।

२. विद्यालयमा बालबालिका अभिभावक र शिक्षकले पालना गर्नुपर्ने नीति नियमको निर्माण र कार्यान्वयनमा सचेत गराउनेछौ

३. बालबालिका तथा अभिभावकलाई बाल क्लवको महत्व बारे सचेत गराउनेछौ ।

४. घर परिवार र समाजमा बालमैत्री वातावरण सिर्जना गर्ने अभिप्रेरित गर्नेछौ ।

५. बालबालिकाहरु माथि गरिने हिंसा दुव्यवहार बालश्रम शोषण रोक्न सचेतना फैलाउनेछौ ।

६. बाल अधिकारको संरक्षण गर्दै बालबालिका तथा अभिभावकहरुलाई बाल अधिकार सम्बन्धि सचेत गराउनेछौ ।

७. गरिब तथा जेहेन्दार बिद्याथीहरुलाई छात्रवृतिको व्यवस्था गर्नुका साथै प्रत्यक संघ संस्थामा निर्माण गिरने भौतिक संरचना बालमैत्री बनाउने छौ।

८. पालिका क्षेत्र भित्रका बालबालिकालाई नागरिक मञ्चं स्वास्थ्य संस्था र सहभागितात्मक योजना तर्जुमा प्रक्रियाका चरणमा बालबालिकाको सक्रिय सहभागिताको सुनिश्चितता गर्नेछौ ।

९. सार्वजनिक स्थानमा बालश्रमको अवस्था रहन नदिनका साथै बाल विवाह र बाल यौन दुव्यवहारलाई अन्त्य गर्न संधै प्रयासरत रहनेछौ ।

१०. ध्रुमपान मध्यपान सुर्तिजन्य सामग्रीहरु खरिद तथा विक्रि गर्न बालबालिकालाई नलगाउनको लागि कानुन निर्माण र कार्यान्वयन गर्नेछौ।

११. बाल अधिकार हनन्का घटनाहरु अनुगमन गर्दै त्यसको समाधानका लागि आवश्यक पहल गर्नेछौ ।

१२. बाल सुचना केन्द्रको स्थापना गर्नेछौ ।

१३. विद्यालय व्यावस्थापन समिति विभिन्न सामाजिक संरचना बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने संस्थामा बालबालिकालाई अर्थपूर्ण सहभागि गराउनेछौ ।

१४. सहज सरल तथा बालमैत्री कक्ष निर्माण गर्नेछौ ।

१५. स्वच्छ पिउने पानीको व्यवस्था गर्नुका साथै सरसफाई सम्बन्धि संचेतना जगाउनेछौ ।

१६. पोषणयुक्त खानेकुरा र सन्तुलित भोजनको विषयमा अभिभावक तथा बालबालिकालाई सचेत गराउनेछौ ।

१७. घरबाट बाहिर निस्कदा बालबालिका माथि हुन सक्ने दुव्यवहार र त्यसबाट बच्ने उपायबारे सचेत गराउनेछौ ।

१८. विद्यालय भर्ना अभियान खोप अभियान सरसफाई सप्ताह लगायतका राष्टिय अभियानहरु संचालन गर्नेछौ ।

१९. बाल वकास केन्द्रको स्थापना तथा संचालन गर्नेछौ ।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

कार्यपालिका बैठक ६८

मितिः २०८३ भाद्र १७

२०. वडामा कम्तीमा एउटा बालमैत्री पार्क निर्माण गर्नेछौ ।

२१. बालमैत्री स्थानीय शासन अभियानको सफलताका लागि पूर्ण रुपमा समर्पित हुनेछौ ।

२२. ठण्डारहित शिक्षा प्रणाली कार्यान्वयन गर्दै बालमैत्री विद्यालय निर्माण गर्नेछौं ।

२३. विद्यालयमा आचारसंहिता बनाउँदा बालबालिकाले सजिलै भेट्ने स्थापनामा गुनासो पेटीका राख्नेछौं ।

२४. वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको  अनुगमन गरी तथ्यांङ्क अध्यावधिक गर्नेछौं ।

टोप बहादुर बि.सी.
अध्यक्ष

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत